म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २०० २०८१ जेठ ३० गते बुधबार 12 June 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## टिफरको ठक्करबाट स्कुटर चालकको मृत्यु

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-७, रमनटारमा टिफरको ठक्करबाट स्कुटरचालकको मृत्यु भएको छ। मंगलबार साँझ ६ बजेर ४० मिनेटको समयमा मनहरीबाट चितवनतर्फ जाँदै गरेको ना ७ ख ८४४९ नम्बरको टिफरले हेटौंडाबाट चितवन तर्फ जाँदै गरेको बा प्र ०२-०३० प १६३१ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो।

टिफरको ठक्करबाट गम्भीर घाइते भएका स्कुटर चालक नवलपरासी जिल्लाको मध्यविन्दु नगरपालिका-१४ का ४७ बर्षीय दिलबहादुर टण्डनको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा मंगलबार साँझ ७ बजेर ४५ मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले टिफर चालक नवलपरासी जिल्लाकै मध्यबिन्दु नगरपालिका-१०, अरुणखोलाका ४० बर्षीय वीर बहादुर कुमाललाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

## मकवानपुरसहित १२ जिल्लामा खेलुकद विकास समित अध्यक्षविहीन

रविन्द्र वाईबा

हेटौंडाः बागमती प्रदेशभित्रका १२ जिल्लामा अहिले खेलकुद विकास समिति अध्यक्षविहीन छ। नुवाकोट जिल्लाबाहेक मकवानपुरसहित १२ जिल्लामा अहिले खेलकुद विकास समितिको अध्यक्ष पद रिक्त रहेको हो।

मकवानपुरसहित अन्य १२ जिल्लाका खेलकुद विकास समितिका अध्यक्षहरु पनि चैतदेखि कार्यकाल सकिएर बिदाई भइसकेका छन्। उनीहरु सबैजना दुईवर्षे कार्यकाल पूरा गरेर बिदाई भएका हुन्। तर खेलकुद विकास परिषद्ले हालसम्म जिल्ला समितिहरुमा अध्यक्ष नियुक्त गर्न सकेको छैन। राजनीतिकरुपमा सत्ता परिवर्तनका कारण खेलकुद विकास समितिहरुमा अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्न नसकेको हो।

खेलकुद विकास समिति अध्यक्षविहीन हुँदा जिल्लाहरुमा खेलकुदका गतिविधि र क्रियाकलापहरु ठप्पजस्तै भएका छन्। जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्की गत चैत ४ गते दुईवर्षे कार्यकाल पूरा गरी बिदाई हुनुभयो। विभिन्न प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बन्द प्रशिक्षणको सुरुवातजस्ता काम सुरु गर्नुभएका खड्कीको बिदाईपछि कुनै खेलकुद प्रतियोगिता आयोजना हुन सकेका छैनन्।

प्रदेश खेलकुद विकास परिषद्ले यस वर्षदेखि खेलकुद विकास समितिको कार्यकाल ४ वर्षे बनाएको छ। कार्यकाल लम्याएपनि प्रदेश सरकारले खेलकुद विकास समितिको अध्यक्ष नियुक्तिका बारेमा खासै चासो दिएको देखिँदैन।

बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले १२ वटै जिल्लामा खेलकुद विकास समितिका अध्यक्ष नियुक्तिको तयारी भइरहेको बताउनुभयो। उहाँले असार मसान्तसम्म नियुक्ति गरिसक्ने बताउनुभयो। गठबन्धन परिवर्तन र सामाजिक विकास मन्त्रालयअन्तर्गत् रहेको युवा तथा खेलकुद विकास विभाग छुट्टिएर छुट्टै मन्त्रालय बन्दा नियुक्ति प्रक्रिया केही ढिलो भएको उहाँको भनाइ छ।

उहाँले युवा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी प्रदेश खेलकुद परिषद्ले नियुक्ति गर्ने गरी तयारी गरिरहेको बताउनुभयो। खेलकुद विकास समितिका अध्यक्ष नै नहुँदा खेलकुदका गतिविधि नभएको स्वीकार गर्दै उहाँले चाँडै नियुक्ति गर्ने प्रतिवद्धता जनाउनुभयो। उहाँले अहिले समितिको कार्यकाल २ वर्षबाट थप गरेर ४ वर्षमा पुर्‍याएको बताउनुभयो। प्रायः नियुक्तिहरु ४ वर्षको हुने गरेको भन्दै उहाँले खेलकुद विकास समितिको कार्यकाल पनि ४ वर्षे बनाइएको बताउनुभयो।

बागमती प्रदेश सरकारकी युवा तथा खेलकुदमन्त्री रमा आले मगरले यस विषयमा सल्लाह लिन बाँकी रहेको बताउनुभयो। सरकारको बजेट निर्माणको प्रक्रियाका कारण तत्काल सो विषयमा ध्यान दिन नसकेको उहँको भनाइ छ। 'म आउनुभन्दा अगाडि नै खेलकुद विकास समितिका अध्यक्षहरु खाली रहेछ। अहिले नीति तथा कार्यक्रम बनाउन लागिरहेको छु। त्यसपछि यो विषयमा गम्भीर भएर खेलकुद विकास परिषद्सँग सल्लाह लिन्छु।' उहाँले भन्नुभयो।

उहाँले आगामी एक हप्ताभित्र मन्त्रालयको नीति, कार्यक्रम, योजना तथा बजेट पेश गर्न तयारी भइरहेको र त्यसपछि मात्र खेलकुद विकास समितिका अध्यक्ष नियुक्ति गर्ने विषय अगाडि बढाउने बताउनुभयो। 'प्रदेश सरकारले असार १ गते बजेट प्रस्तुत गर्दैछ। आगामी आर्थिक वर्षमा प्रदेशको गौरवका निर्माणाधीन खेलकुदका भौतिक संरचनालाई पूरा गर्ने गरी बजेट ल्याउने तयारी रहेको छ। सोपश्चात् खेलकुद विकास समितिको अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्छ।' मन्त्री मगरले भन्नुभयो। सो विषयमा प्रदेश खेलकुद विकास परिषद्सँग सल्लाह लिएर अघि बढ्ने उहाँको भनाइ छ। उहाँले खेलकुद विकास समितिका अध्यक्ष नियुक्तिका कुरा राजनीतिसँग पनि जोडिने भएकाले गठबन्धन दलभित्र पनि छलफल गरेर प्रक्रिया अगाडि बढाउने बताउनुभयो।

## पालिकामै राष्ट्रिय परिचयपत्र

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरले पालिकासँगको सहकार्यमा मकवानपुरका ९ वटा पालिकामै पुगेर राष्ट्रिय परिचयपत्र वितरण शिविर सञ्चालन गर्ने भएको छ। आगामी आर्थिक बर्षदेखि संघीय सरकारले सामाजिक सुरक्षाभत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेसँगै ज्येष्ठ नागरिकहरुको सहजताका लागि शिविर नै सञ्चालन गर्न लागेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ।

ज्येष्ठ नागरिकहरु जिल्ला सदरमुकामसम्म आउन, जान समस्या हुने देखिएकोले शिविर नै सञ्चालन गर्न खोजेको प्रशासनले जनाएको छ। मंगलबार सूचना जारी गर्दै प्रशासनले दुई टोली बनाएर जिल्लाका १० पालिकामध्ये ९ पालिकामा पालिकाको केन्द्रमै पुगेर राष्ट्रिय परिचयपत्र वितरण गर्ने व्यवस्था गरेको छ भने हेटौंडा उपमहानगरपालिकाको हकमा जिल्ला प्रशासन कार्यालयबाटै सेवा प्रवाह गरिने बताइएको छ। एउटा टोलीले राक्सिराङ गाउँपालिकामा आज जेठ ३० गतेदेखि असार १ गतेसम्म शिविर सञ्चालन गर्नेछ। असार ३ गतेदेखि ६ गतेसम्म कैलाश गाउँपालिकामा, असार ८ गतेदेखि १३ गतेसम्म थाहा नगर पालिकामा र असार १५ गतेदेखि १८ गतेसम्म ईन्द्रसरोवर गाउँपालिकामा शिविर सञ्चालन गर्नेछ। दोस्रो टोलीले बागमती गाउँपालिकामा जेठ ३१ गतेदेखि असार २ गतेसम्म, बकैया गाउँपालिकामा असार ४ गतेदेखि ७ गतेसम्म, मकवानपुरगढी गाउँपालिकामा असार ९ गतेदेखि १२ गतेसम्म, भीमफेदी गाउँपालिकामा असार १४ गतेदेखि १७ गतेसम्म र मनहरी गाउँपालिकामा असार १९ गतेदेखि २२ गतेसम्म राष्ट्रिय परिचयपत्र वितरण शिविर सञ्चालन गर्नेछ। शिविरमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीले मात्रै सेवा प्राप्त गर्न सक्ने बताइएको छ।

## गर्मी बढेसँगै धेरैमा स्वास्थ्य समस्या

समाज संवाददाता

हेटौंडाः गर्मी बढ्दै गएपछि धेरै जनामा स्वास्थ्य समस्या देखिएको छ। जाडोमा भन्दा धेरै मानिस गर्मीमा बिरामी पर्ने गर्दछन्। गर्मीमा तापक्रम बढि हुने भएकाले धेरै जनाले चिसो खाने, धेरै बेर फ्यानमा बस्ने, पोसिलो खाना नखानेजस्ता कारण स्वास्थ्य समस्या देखिन्छ।

गर्मीमा धेरै जानलाई निर्जलीकरण अर्थात् डिहाइड्रेसनको समस्या धेरै देखिन्छ। योबाहेक रुघा, खोकी, ज्वरो, पखाला आदि समस्या धेरै देखिने गर्दछ। मकवानपुरको हेटौंडा अस्पतालमा गर्मी बढेसँगै बिरामीको चाप बढिरहेको छ। हेटौंडा अस्पतालमा मात्र नभएर गर्मीका कारण धेरै अस्पतालमा बिरामीको संख्या बढिरहेको हो।

जाडो महिनामा हेटौंडा अस्पतालमा दैनिक करिब एक हजार जना स्वास्थ्य जाँचका लागि आउने गरेकोमा अहिले गर्मी महिनामा दैनिक एक हजार ५ सयभन्दा धेरै बिरामी जाँच गर्न आउने गरेका छन्। अस्पतालका सल्लाहकार डा. रामचन्द्र न्यौपानेका अनुसार अस्पतालले अहिले पखाला र बान्ताका बिरामीलाई भर्ना गरिरहेको छ। अस्पतालमा धेरै छालासम्बन्धी, ज्वरो, पखाला, बान्ताजस्ता समस्याले बिरामी आउने गरेको उहाँले बताउनुभयो।

गर्मीले बालबालिका तथा बुढाबुढीहरुलाई छिटो संक्रमण बनाउँदछ। बालबालिका र बुढाबुढीहरुमा गर्मीसँग लड्ने क्षमता कम भएका कारण यसले छिटो संक्रमण गर्ने डा. न्यौपानेले बताउनुभयो। गर्मीका कारण मानिस बेहोस हुने समस्या पनि धेरै देखिएको छ। यसका लागि धेरै पानी पिउन आवश्यक छ।

पखाला, बान्ता, निर्जलीकरण, टाइफाइड हुने मुख्य कारण फोहोर पानी पिउनु हो। यी सबबाट बच्न सफा पानी र झोलिलो कुरा धेरै खानु पर्दछ। बालबालिकाको हकमा धेरै बेर घाममा खेल्न हुँदैन भने पातलो कटनको कपडा लगाउनुपर्ने डा. न्यौपानेले बताउनुभयो। यस्तै, जेष्ठ नागरिकहरुले पनि आफ्नो स्वास्थ्यको विषयमा सोच्न आवश्यक छ भने नियमितरुपमा स्वास्थ्य जाँच गर्नु पर्दछ। विश्वव्यापीरुपमा बढिरहेको तापक्रमको मुख्य कारण आम मानिस नै हो। फोहोर जथाभावी फाल्ने, रुख काट्ने, वन विनाश गर्ने, डँढेलो लगाउने कार्यले गर्दा गर्मी झन् बढिरहेको छ। गर्मीबाट बच्न रुख विरुवा लगाउने, बाहिर घाममा कम हिँड्ने, हिँड्नै परेमा छाता लिएर मात्र हिँड्ने, नियमित ४ लिटर पानी पिउनेजस्ता कार्य गर्नुपर्छ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

## बागमतीको बजेट असार १ गते प्रस्तुत हुने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट असार १ गते अपराह्न ४ बजे बस्ने प्रदेशसभा बैठकमा प्रस्तुत हुने भएको छ। प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले सरकारको बजेट सार्वजनिकीकरणका लागि असार १ गते ४ बजेका लागि बैठक आह्वान गर्नुभएको हो।

बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बजेट प्रस्तुत गर्ने कार्यसूची रहेको सभामुख पाठकको भनाइ छ। बजेट प्रस्तुत भएलगत्तै संसदमा सरकारको आगामी आर्थिक वर्षको अर्थसम्बन्धी विधेयक पेश हुने र केही दिनपछि बस्ने प्रदेशसभा बैठकमा उक्त विधेयकमाथि सांसदहरुले छलफलसहित संशोधन राख्नेछन्।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षकै हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ। सरकारले आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, रोजगारी सृजनालाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरेको छ। संसद विकास कोष खारेज भएपछि बजेटमा सन्तुलन कायम गर्न सरकारले प्रत्येक सांसदहरुको ३ करोड रुपैयाँको योजना बजेटमा समावेश गर्ने तयारी गरेको छ।

आगामी आर्थिक वर्षको बजेट संसदको बैठकबाट सार्वजनिक गर्ने तयारीअनुसार असार १ गतेका लागि प्रदेशसभा बैठक आह्वान गरिएको हो। त्यसअघि प्रदेशसभा बैठक आगामी जेठ ३२ गते पनि बस्दैछ। जेठ ३२ गते दिउँसो ३ बजेका लागि आह्वान गरिएको बैठकमा प्रदेश सरकारको आर्थिक सर्वेक्षण प्रस्तुत हुने कार्यक्रम रहेको सभामुख पाठकले बताउनुभयो। सभामुख पाठकका अनुसार प्रदेशसभा बैठकअघि दिउँसो १२ बजे कार्यव्यवस्था समितिको बैठक आह्वान गरिएको छ। उक्त बैठकले प्रदेशसभाको बैठक तथा प्रदेश सरकारको बजेट सार्वजनिक गर्ने कार्यसूची तयार गर्ने सभामुख पाठकले बताउनुभयो।

**बाढीपहिरोबाट जोगिऔं।**

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः**

- वृक्षरोपण गरौं वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएको क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- वस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

**ज्ञान बहादुर श्रेष्ठ**
**का.वा. अध्यक्ष तथा**
**१२ नम्बर वडा कार्यालय परिवार**

**बधाई एवम् शुभकामना**



नरेन्द्र भण्डारी



छतेन्द्र आचार्य

संघीय सरकारको निर्णयबाट हेटौंडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्त आदरणीय दाई **नरेन्द्र भण्डारी** र नेपाल मोवाइल व्यवसायी महासंघको केन्द्रीय समितिको उपाध्यक्ष निर्वाचित आदरणीय दाई **छतेन्द्र आचार्य**लाई हार्दिक बधाई ज्ञपान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

विवेक आनन्द न्यौपाने
हेटौंडा शाखा प्रबन्धक
**वेभ सर्फर नेपाल कम्युनिकेशन सिस्टम प्रालि**

# एक रुख, एक जीवन



✍सरोजप्रसाद साह

मानव सभ्यतालाई बचाउन वृक्षरोपण अति नै आवश्यक छ । मानव र वृक्ष बीचको सम्बन्ध अनादि कालदेखि नै घनिष्ठ छ । वृक्षले मानव र मानवले वृक्षको संरक्षण पनि प्राचीनकालदेखि नै गर्दै आएको हो । जन्मदेखि मृत्युसम्म मानव जीवनलाई सार्थक तुल्याउन वृक्ष चाहिन्छ । जन्मेपछि शिशुलाई ताप दिन दाउरा चाहिन्छ भने मृत्युपछि पनि लास जलाउन यही दाउराको आवश्यकता हुन्छ। यसैगरी बाँचुन्जेल चाहिने अक्सिजन पनि यही वृक्षले प्रदान गर्दछ । वृक्षले कार्वन भण्डारणदेखि भूसंरक्षणसम्मका कार्यहरु गर्दछ ।

वृक्षको महत्व मानव जीवनका लागि अपरम्पार छ । वृक्ष रोप्ने कार्य नै वृक्षरोपण हो । वृक्षरोपणले कृषकको आवश्यकता पूर्तिसँगै वातावरण सन्तुलन कायम गर्दछ। हजारौं बर्षदेखि वृक्षरोपण कार्यले वातावरण सन्तुलन, खाद्यान्न आपूर्ति, दैनिक जीविकोपार्जनलगायतका आवश्यकता पूरा गर्दै आएको हो । अझ धार्मिक महत्वका लागि वृक्षरोपण गरिँदै आएको पनि पाइन्छ । हिन्दू धर्म अनुसार वर-पिपल स्वामी लगायतका वृक्षलाई ईश्वरीय अंश नै मानिन्छ । अहिलेको बदलिँदो परिवेशमा वृक्षरोपण प्राकृतिक सौन्दर्यका लागि समेत गरिन्छ । ग्रामीण जीविकोपार्जन सुधारका लागि वृक्षरोपण महत्वपूर्ण छ । उता सहरी क्षेत्रमा पनि सहरी वनले महत्व पाइरहेको छ । वृक्षरोपणले सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरु पुऱ्याइरहेको हुन्छ।

वृक्षरोपणको इतिहास हेर्ने हो भने हजारौं बर्षदेखि विभिन्न उद्देश्यका लागि गरिँदै आएको पाइन्छ । क्रिश्चियनको धार्मिक ग्रन्थ बाइबलअनुसार अब्राहमले तामारिस्क बिरुवा रोपेको अभिलेख भेट्न सकिन्छ। यसैगरी श्रीलंकामा इशापूर्व २२० मा बोधी रुख रोपेको अभिलेख उल्लेख छ। वृक्षरोपण कार्यका केही उदाहरणहरुमा सन् १६८० मा श्रीलंकामा टिकको रोपण तथा सन् १८४३ मा भारतको निलगिरिमा मसलाको रोपण आदि हुन् । नेपालमा वृक्षरोपण कार्यक्रम पहिलो पञ्चवर्षीय योजनाबाट सुरुवात गरिएको हो ।

यसपछि विभिन्न समयमा विविध परियोजना मार्फत वृक्षरोपण गरिँदै आइएको छ । हेरक बर्ष वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गतका निकाय तथा सामुदायिक वन उपभोक्ता समुहहरुले वृक्षरोपण गर्दै आएका छन् । वृक्षरोपण गर्नका लागि जिल्ला वन कार्यालय तथा जिल्ला भूसंरक्षण कार्यालयहरुले निशुल्क विरुवाहरु समेत उपलब्ध गराइरहेका छन् । वृक्षरोपण कार्यका लागि सुरुमा स्थान छनौट गरी हावापानी, भौगोलिक अवस्था र माटोको गुणस्तर आदि ध्यानमा राखी आवश्यक प्रजातिहरु छनौट र आवश्यक संख्या यकिन गर्नुपर्दछ । वृक्षरोपण क्षेत्र छनौट गरेपछि चिस्यान भएको बेलामा खाल्डो खन्नुपर्छ ।

खाल्डो खन्दा करिब ३० सेन्टिमिटर गहिरो खाल्डो खन्नु पर्दछ। डाले घाँस वा फलफुलका लागि केही गहिरो खाडल आवश्यक रहन्छ। वृक्षरोपण कार्य लाइन, वर्गाकार र त्रिकोणात्मक ढाँचामा गर्न सकिन्छ । वृक्षरोपणमा विरुवाहरुको दुरी कति टाढा राखेर रोपण गर्ने भन्ने कुरा प्रजातिको वृद्धि दर, माटोको मलिलोपन, चिसोपना, प्रतिस्पर्धा, वन डढेलोको प्रकोप, वृक्षरोपणको उद्देश्य, उपलब्ध स्रोत र साधन, लागत आदिमा भर पर्दछ । नेपालमा वृक्षरोपणका लागि विरुवाहरु बीचको उपयुक्त दुरी लम्बाई २.५ मिटर र चौडाई २.५ मिटर मानिएको छ। तर डाले घाँसको वृक्षरोपण गर्दा विरुवाहरु कम्तीमा ५ मिटर र ५ मिटरको फरकमा रोपिन्छ ।

वृक्षरोपणका लागि प्रजाति छनौट गर्दा स्थानीय जलवायुको अवस्था, माटोको अवस्था, व्यवस्थापन, बजारको माग र आपूर्ति, बिरुवाको वृद्धि दर, बिरुवाको उपलब्धता र लागत आदि कुराहरु ध्यानमा राख्नु पर्ने हुन्छ। वृक्षरोपणको कार्यले मानव जीवनलाई मात्र सहज नपुऱ्याई सम्पूर्ण जैविक विविधता संरक्षणलाई समेत टेवा पुऱ्याएको छ । वृक्ष चराचुरुङ्गीदेखि लिएर जंगली जनावर समेतको वासस्थान हो । यही वृक्षमा लडीबुडी खेल्दै अनेकौं प्राणीले जीवन धानेका छन्। वृक्ष प्रकृतिको अनुपम उपहार हो ।

यो उपहारलाई विस्तारका लागि रोपण गर्नु अत्यावश्यक छ। हिन्दु धर्ममा वर पिपलका विरुवाहरुको रोपणले धर्म हुन्छ भन्ने मान्यता नै छ। यो मान्यताले हाम्रो पर्यावरण सन्तुलनका लागि भूमिका पनि खेलेको छ। हाम्रा परम्परागत ज्ञान, सीप तथा संस्कारले पनि वृक्षरोपणको कार्यलाई राम्रो मान्दछन् । वृक्षरोपणको कार्यलाई पूण्यसँग जोडेर समेत समाजमा हेरिने गरिन्छ। वृक्षरोपणले एकातर्फ घाँस, दाउरा, काठ, फलफुल आदिको सहज उपलब्ध गराएको छ भने अर्को तर्फ सारा विश्वले अहिले झेलिरहेको जलवायु परिवर्तनको समस्या न्यूनीकरण तथा अनुकुलनमा सहयोग पुऱ्याएको छ । असार, साउनको महिना वृक्षरोपण गर्ने उपयुक्त समय हो ।

यो समयमा मानव जीवनलाई हितकारी बनाउने वृक्षरोपणको कार्य गर्न सम्पूर्ण सरोकारवालाहरु एक जुट हुनुपर्दछ। टोल टोलका खाली क्षेत्र, सडक किनारा, पानीका मुहान लगायतका सार्वजनिक क्षेत्रमा वृक्षरोपण गरी पूण्य कमाउने कार्य गर्नुपर्दछ। अहिले हामीले गरेको वृक्षरोपणको कार्यले हाम्रो वातावरणलाई सफा स्वच्छ निर्मल राख्नुका साथै भावी पिढीका लागि सम्पत्ति बन्दछ। सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरुका लागि आआफ्नो समुदायमा वृक्षरोपणको व्यापक अभियान चलाऔं ।

# विद्यार्थी परिचय



**मुकेश साह**
**कक्षा-९, बालज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-५, पिप्ले**

मुकेश साह हेटौंडा-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयमा कक्षा ९ मा पढ्नुहुन्छ । मुकेश विद्यालयको क्याप्टेन पनि हुनुहुन्छ । मुकेशको घरमा ४ जना सदस्य हुनुहुन्छ। मुकेशको गाउँ मधेश प्रदेशमा रहेको छ। विदाको समयमा मुकेश गाउँ जाने गर्नुहुन्छ । मुकेशको बुबा मयुरी चलाउनुहुन्छ। मुकेशको आमा विद्यालयको सहयोगी कर्मचारी हुनुहुन्छ र भाइ पनि बालज्योति माध्यमिक विद्यालयमै कक्षा ५ मा पढ्नुहुन्छ। मुकेश बुबा आमा काममा जानुभएको बेला खाना बनाउने र भाइलाई खुवाएर विद्यालय जाने गरेको बताउनुहुन्छ। घरको सरसफाईमा पनि मुकेशले ध्यान दिनुहुन्छ ।

मुकेशको पढाई राम्रो छ। भविष्यमा इलेक्ट्रोनिक इन्जिनियर बनेर बुबा आमालाई काममा सघाउने बताउनुहुन्छ। मुकेश विदेश जान चाहनुहुन्न । नेपालमा नै भविष्य बनाउने बताउनुहुन्छ । मुकेश पहिला तराईमा पढेर आउनु भएको हो । पहिला मुकेशलाई नेपाली बोल्न पनि आउँदैन थियो । भाइसँग बोल्दा बोल्दै नेपाली बोल्न जानेको बताउनुहुन्छ। मुकेश अहिले छिमेकीसँग पनि बोल्ने र मिल्ले गर्नुहुन्छ । मुकेश फुटबल खेल्न मनपराउनुहुन्छ। र मुकेशको मिल्ले साथी बिक्रम राई हो ।

मुकेश विद्यालय क्याप्टेन हुनुभएपछि विद्यालयमा व्यावहारिक ज्ञानको अभ्यास गर्न जोड दिने बताउनुहुन्छ। विद्यालयमा असल अभ्यास गराउने बताउनुहुन्छ ।

# भूकम्पको ज्ञान

**पुस्तक समीक्षा**



✍आदित्य दाहाल

हालसालै मैले पढेको पुस्तकको नाम भूकम्पको ज्ञान हो । यस पुस्तकलाई श्री श्रेष्ठले लेख्नुभएको हो । यस पुस्तकभित्र जङ्गेबुद्धे, सीमा सङ्ग्राम, नेपाल-भारत सीमावर्ती बाँध, नेपालको सिमाना, सुरक्षा सन्दर्भमा सीमा व्यवस्थापन, सिमानाको ज्ञान, जनउपयोगका लागि कित्ता नापी, जस्ता विविध उपशीर्षकहरू रहेका छन् । उच्चकोटीका पुस्तकहरू प्रकाशित गरी ख्याति प्राप्त गर्नुभएका लेखक श्रेष्ठले यस पुस्तकभित्र आम पाठकहरूका लागि नेपाल र नेपाली कला संस्कृति, इतिहास, नेपालको सीमा सुरक्षाप्रति नेपालीहरूको चासो लगायतका विविध विषयहरू उल्लेख गर्नुभएको छ ।

प्रस्तुत पुस्तकका लेखक श्री बुद्धिनारायण श्रेष्ठले हाल प्रकाशित गर्नुभएको यस पुस्तकमा भूकम्प भनेको के हो ? पृथ्वीको बनोट र भूकम्प, भूकम्प आउनु अगाडि र पछाडि पशुपन्छीले देखाउने अस्वाभाविक व्यवहार जस्ता विषयवस्तु समावेश गरेर पुस्तकलाई उहाँले भूकम्पको बारेमा अध्याय १ मा सैद्धान्तिक विषयमा पूर्ण विवरणसहित परिचय दिनुभएको छ । अध्याय २ मा २०७२ सालको भूकम्पको कम्पन, पराकम्पन, केन्द्रविन्दु जस्ताको संख्याका बारे वर्णन गर्नुभएको छ। यसैगरी अध्याय ३ मा २०७२ सालको महाभूकम्पको अनुभवमा उहाँको आफ्नै भोगाई र विभिन्न लेखकहरूको अनुभवलाई समेत समेटिएको छ ।

त्यस्तैगरी अध्याय ४ मा १९९० सालको महाभूकम्पको बयानमा इतिहास शिरोमणि बाबुराम आचार्य, राष्ट्रकवि माधवप्रसाद घिमिरे, संस्कृतिविद् सत्यमोहन जोशी, युगकवि सिद्धिचरण श्रेष्ठ, इतिहासकार ज्ञानमणि नेपाल, ब्रह्म शमशेर जबरा, सरदारभीम बहादुर पाण्डे लगायत ख्याति प्राप्त विद्वानहरूका अनुभव समेत सगाल्नुभएको छ ।

यसै पुस्तकको अध्याय ५ मा विक्रम सम्वत् १९९० साल र विसं २०७२ सालका महाविनाशकारी भूकम्पको तुलनात्मक रुपमा प्राप्त भएका अनुभवहरू र तथ्याङ्कहरू प्रस्तुत गर्नुभएको छ। नेपालको ऐतिहासिक भूकम्प, जङ्गबहादुर राणाले प्रकोपमा खडा गरेको कोष, विक्रम सम्वत १९९० सालको भूकम्पमा जुद्ध शमशेरको भनाइ आदि जस्ता कुराहरू समेटेर पुस्तक प्रकाशित भएको छ । यस पुस्तकले भूकम्पप्रति चासो राख्नुहुने विद्यार्थीदेखि सामान्य तथा जागरुक पाठकलाई पनि भूकम्प सम्बन्धी ज्ञान दिलाउनेछ ।

आवरण पृष्ठ साज-सज्जा आकर्षणयुक्त रहेको छ। मूल्यको दृष्टिले पनि प्रचलित बजारभाउ अनुसार ठिकै मूल्य रहेको पाइन्छ। बेलाबेलामा आइपर्ने यस्ता प्रकोपहरूको बारेमा प्रस्तुत गरि दिएर र त्यसका तथ्याङ्कहरू समेत र त्यसलाई भोगेका अनुभवहरू समेत प्रस्तुत गरेको हुनाले यो कृति पक्कै पनि उत्कृष्ट रहेको छ भन्ने मलाई लागेको छ ।

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# कान्छी छोरी



✍सीता बतौंला

वेदनाको कथा पेट भित्रै सिकाएर
सुख दुःख को दुनिया त्यही भित्र देखाएर
बा आमाले यो सुन्दर संसार देखाउन धर्तीमा ल्याएको कान्छी छोरी हुँ म

चुनौती दिन तयार छु म
सङ्घर्ष गर्न तयार छु म

छोरा जन्माउने आशमा जन्मिएकी कान्छी छोरी हुँ म

छोरी जन्मिएछ यसले के गर्न सक्छे र भनेर हेप्ने को लागि
झाशिकी रानी जस्तै बनेर उभिने छु म

सानो तिनो हुरी बतास वेग तुफान ले हल्लाउन सक्दैन मलाई
बा आमाको आँशुको थोपा थोपा ले भिजिएर हुर्केकी कान्छी छोरी हुँ म

मानव रूपी दानव हरुको घमंड तोड्न जन्मिएकी कान्छी छोरी हुँ म

यो स्वार्थि संसारलाई नियाल्दै
दुःख संघर्स गर्दै देशमा शान्ति फैलाउन जन्मिएकी कान्छी छोरी हुँ म

मेरा बा आमाको मुहार को आँशु पुछ्दै हाँसो छर्न आएकी कान्छी छोरी हुँ म

दुःखमा आहा र सुखमा डाहा गर्ने हरुलाई
चुनौती दिन आएकी छु म


सत्रुका हरेक निर्मम प्रहार सहन तयार छु म
सबैको अन्याय अत्याचार लाई सहन गर्दै
ती बा आमाको ओठमा मन्द मुस्कान छर्न आएकी कान्छी छोरी हुँ म

*कक्षा-१२, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*





**रञ्जु गोले**
**कक्षा-९, बाल जागृति युवा वर्ष माध्यमिक विद्यालय, हेटौंडा-६ हटिया, गौरीटार**





**सुयोग श्रेष्ठ**
**कक्षाः-५, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**

# विद्यालयमा पहिलो दिन



**मयंक मिश्र**

म सोच्दछु कि मेरो रेखाचित्र
तिनीहरूको जस्तै राम्रो हुनेछ।

मलाई अचम्म लाग्छ कि तिनीहरूले
मलाई मन पराउँछन् वा केवल
एकटकले भरिएका छन्।

मलाई आश्चर्य छ कि मेरो शिक्षक
आमा वा ग्रान जस्तो देखिनेछ।

यदि मेरो कुकुरले म कहाँ छु भनेर
सोच्नेछ भने मलाई अचम्म लाग्छ।

हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय
माध्यमिक विद्यालय

# म मनै हो



**प्रेक्षा तिमल्सिना**

म मेरो क्षमतामा उभिने चाहाना पूरा गर्न देउ
कृपया मलाई सक्षम हुँदा हुँदै अपाङ्ग नबनाईदेउ

म मेरै पहिचान बनाउन चाहन्छु
तिमी फलानोको उदाहरण नदेखाइ देउ

म गन्तव्य आफै रोज्न चाहन्छु
तिमी मेरो पछाडि नलागी देउ

मलाई दुनियाँ सङ तुलना गर्न नखोज मलाई म हुनुछ
दुनियाँ सङ तुलना गर्द मेरो म हुनु को अस्तितो काहा हुन्छ र

म पथर जस्तो छु मलाई पगाल्न नखोज
लड्छु यो संसार सङ तर मलाई अरु सङ नखोज

म मनै हो म जस्तो अरु कोही हुनसक्दैन
म पथर हो आगो ले पगाल्न सक्दैन

जाहा मेरो इज्त हुँदैन के म त्यहाँ जनै पर्छ र
धनी हो भन्दै मा मैले मेरो सिर झुकाउनु पर्छ र

जब मलाई बोल्नै मन लाग्दैन
त्यहाँ मैले जबाफ दिनै पर्छ र

*कक्षा-१२, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# "बदलाव"



**सुप्रिया कार्की**


हाम्रो सम्बन्ध रोकिएको होकि सकिएको हो ?
हाम्रो माया खोसिएको होकि पोखिएको हो ?

मरिहत्ते गर्ने तिमी आजभोलि बदलिन थालेको छौ ।
म रुँदा आँसु झार्ने तिमी
आजभोलि वास्तै गर्न छाडेको छौ ।
एक्छिन नबोली बस्न नसक्ने तिमी
आजभोली कयौं घन्टा हराउन थालेको छौ ।
झुठो नबोल्ने तिमी
आजभोलि कयौं बाहना बनाउन थालेको छौ ।

अरुको साथमा रमाउने तिम्रो चाहना सुन्दा
मनको माया मरेर आयो ।
टाढिनका लागि तिम्रो झुटो बाहना सुन्दा
आँखाबाट आँसु झरेर आयो ।
भन्न तिमीलाई पो सजिलो हुन्छ
बरु छोडेर जाउ टाढा तिम्रो ऊ परान सुन्दा
मुटुमा गहिरो चोट परेर आयो ।


*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*


# चित्रकला





**दिपासना थापा**
**कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५**





**युभान साह**
**कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२**






**बिसलिना श्रेष्ठ**
**कक्षा-६, होली एन्जल्स् बोर्डिङ्ग स्कुल निजगढ**

# सुन्दर देश नेपाल



**रितुका माझी**

मेरो देश नेपाल
सुन्दर शान्त विशाल
जताततै हरियाली
हामीहरु हौं नेपाली ।

यहाँ फरक फरक जाति छन्
फरक फरक भाषा छन्
यहाँ सुन्दर फूलहरु छन्
र यहाँ विभिन्न फलहरु पनि छन् ।

मेरो देश नेपाल सुन्दरताले भरिपूर्ण छ
यहाँ रङ्गीविरङ्गी चराचुरुङ्गी छन्
हामी आफ्नै देशमा उन्नति गर्नेछौं
हामी आफ्नै देशको नाम चम्काउनेछौं ।

यहाँ हरियालीको कमी छैन
यहाँ जातजातिको पनि कमी छैन
हामी वीर नेपाली हौं
नेपालकै काखमा मर्नेछौं ।

यहाँ खुसी पनि हुन्छ
र दुःखी पनि हुन्छ
यहाँ पानीको कमी छैन
यहाँ मायाको पनि कमी छैन ।

मेरो देशमा उन्नति भइरहेको छ
मेरो देशमा प्रगति भइरहेको छ
लाखौं विदेशीहरु यहाँ आउँछन्
आहा कति राम्रो देश भन्छन् ।

*कक्षा-८, श्री श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

# मेरो प्यारो सगरमाथा



**अस्मिता गौतम**

अग्लो चुली सेता हिमालले ढाकेको सगरमाथा
देशको गौरव बनि स्थिर बसेको छ सगरमाथा ।

अग्ला अग्ला हिमाललाई दर्शाएको छ सगरमाथा
विश्वको निम्ति नमुना बनेको छ सगरमाथा ।

स्थिर र अटल बनि उभिएको छ सगरमाथा
शान्त स्वभावले चिनिएको छ सगरमाथा ।

हिमालको पर्याय बनेको छ सगरमाथा
नेपालको चिनारी बनेको छ सगरमाथा ।

आकाशलाई छुन्छु जसरी उभिएको छ सगरमाथा
प्रकृतिलाई सिंगारेर सुन्दर पारेको छ सगरमाथा ।

संसारभरका लागि आकर्षण बनेको छ सगरमाथा
लाखौं पर्यटकलाई डाकेर ल्याएको छ सगरमाथा ।

कैयौं आरोहीको स्मृति बनेको छ सगरमाथा
सफलता हासिल गर्ने लक्ष्य बनेको छ सगरमाथा ।

*कक्षा-१०, श्री श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

# मेरो सपना



**सरफराज अन्सारी**

मेरो पनि केही चाहना छ
मैले पनि सपना बोकेको छु

जिन्दगीले दिएको सिकाई याद छ
आफन्तले दिएको चोट याद छ

शिक्षकले सिकाएको कला याद छ
भूतको केही आत्मघाती पनि याद छ

आफ्नै समाजले गरेको बेइज्जती याद छ
समाजलाई मुसुक्क मुस्काई जवाफ दिने छु

कसम लिएको त्यो भविष्य याद छ
कठोर सम्झौता गरेको त्यो भूत याद छ
आज परिश्रम गर्दै गरेको वर्तमान याद छ

धेरैले लडाइँ झगडा रोज्यो
कसैले हक मार्‍यो, कसैले लात हानी पछार्‍यो

म मौन तपस्या गर्दैछु
एक दिन वारुद झैं चम्किने छु
सपनालाई एउटा सफलताको रुप दिने छु

मेरो पनि केही चाहना छ
मैले पनि सपना बोकेको छु.....

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट हेटौंडा-४*

# जीउनु छ कर्मसँगै रमाएर

सङ्घर्षले नै जिउनु छ
यो दुई दिने जिन्दगानी
आफ्नै पौरखमा उठेर
कर्म गर्ने अठोट राखी
कर्मले नै मानिस
धनी र गरिब हुने

कर्मले नै लक्ष्य
प्राप्तिको सङ्कल्प
वृद्ध हुने ईर्ष्या र द्वेषले
भरिएको जीवनको के मूल्य ?
सङ्कल्प र सङ्घर्ष बिना
सार्थकताको के मूल्य ?
ज्ञान छरी विश्वसामु

बनाउने यो संसार रङ्गीन
सबै मिली
आफ्नो देशका लागि
हुने समर्पित

नदिइ दोष कसैलाई पनि
कर्ममै बाच्नु छ
भाग्यले हैन आफैँले
आफ्नो कथा त्यो रच्नु छ

*कक्षा-१०, नवोदय शिशु सदन हेटौंडा-४*



**दर्शना सापकोटा**

# इस्टुद्वारा उपमहानगरलाई ७ बुँदे सुझाव

समाज संवाददाता

हेटौंडाः संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) हेटौंडा उपमहानगर समितिले हेटौंडा उपमहानगरपालिकालाई निजी विद्यालयका शिक्षक कर्मचारीहरुको पेशागत सुरक्षा सम्बन्धमा ७ बुँदे सुझावपत्र पेश गरेको छ । युनियनका अध्यक्ष नवीन मिश्रले सोमबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामालाई सुझावसहितको ज्ञापनपत्र बुझाउनु भएको हो ।

मिश्रका अनुसार निजी विद्यालयलमा चरम लापरवाहि भएका कारण पालिकामा ज्ञापनपत्र बुझाइएको हो । युनियनले नगरलाई अभिभावकको रुपमा नेतृत्व गरी नियमन गर्न र समस्या समाधान गर्न अनुरोध गरेको छ। समस्या समाधानका लागि सरकार, प्याब्सनसँग छलफल, वार्ता र सहमति गरेपनि यसको पालना नभएको मिश्रले बताउनुभयो । नगरमा निजी विद्यालयमा कार्यरत शिक्षकहरुको कोहि नभएको उहाँको भनाई छ ।

युनियनले शिक्षक कर्मचारीहरुलाई निश्चित मापदण्ड अनुरूप नियुक्ति र स्थायी गरिने समय तोकेर नियुक्तिपत्र दिने विषय, शिक्षकहरु करारमा राखिनु नहुने, वार्षिक सुत्केरी, किरिया बिदाको व्यवस्थापन तथा शिक्षक कर्मचारीको अभिलेख सरकारी निकायमा रहने विषयमा सुझाव दिएको छ। यस्तै, नेपाल सरकारले तोके अनुसारको तहगत पारिश्रमिक तथा चाडवाड भत्ता दिइने विषय विद्यालय व्यवस्थापन समिति बनाउने, शिक्षकहरुले छानेको शिक्षक प्रतिनिधिको व्यवस्था गरिने र शिक्षक कर्मचारीहरुलाई अनिवार्य सहभागी गराई विद्यालय विनियमावली बनाउन आग्रह गरिएको छ ।

खाइपाई आएको तलब सरकारले तोकेबमोजिम नघट्ने गरी र विगतमा भएका सकारात्मक व्यवस्थामा असर नपर्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गराउने विषय र शिक्षा सार्वजनिक वस्तु भएकोले व्यापारीकरण हुन नदिन सुझाव दिइएको हो । संस्थागत विद्यालयसँग सम्बन्धित नीतिनियम बनाउँदा तथा छलफल, गोष्ठी आदिमा विशुद्ध पेसागत युनियनलाई अनिवार्य सहभागी गराउने विषय र विद्यालयहरू निरीक्षण, अनुगमन नियमन गर्नका लागि युनियनको समेत सहभागिता रहने गरी एक अधिकार प्राप्त नियमित प्रकृतिको उच्चस्तरीय संरचना बनाउन आग्रह गरिएको छ ।

युनियनले २०७९ साल पुस १६ गते मकवानपुर जिल्लाका दुई स्थानीय सरकार हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकाबीच सहमति गरेको थियो । दुई स्थानीय सरकारसँग १६ वटा बुँदाहरुमा सहमति गरेको थियो । नगर प्रमुख लामाले सहमतिप्रति सकारात्मक सुझाव दिनु भए तापनि कार्य कहिले नभएको मिश्रले बताउनुभयो । समितिले गत वर्षपनि विभिन्न शिक्षक संगठनहरुसँग भएको सहमति कार्यान्वयनमा जोड दिन माग गर्दै नगर प्रमुखलाई स्मरण गराएको छ ।

ज्ञापनपत्रमा युनियनले प्रमुखलाई विगतमा हेटौंडा उपमहानगरपालिका, गढी गाउँपालिका, शिक्षक महासंघ, शिक्षक सङ्गठन, शिक्षक संघ, शिक्षक अभिभावक संघ, संस्थागत विद्यालय, अभिभावक संघ, लगायत अन्य सरोकारवालाहरुको रोहवरमा भएको १६ बुँदे सहमतिमा भएको उपलब्धिको विषयमा जानकारी दिन अनुरोध गरेको छ ।

# गाउँपालिका अध्यक्षको घरमा आगलागी

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको घरमा आगलागी भएको छ । मंगलबार दिउँसो १२:३० बजेको समयमा मकवानपुरगढी गाउँपालिका-३, धमिलेस्थित अध्यक्ष स्याङ्तानको घरमा आगलागी भएको हो ।

घरमा कोही पनि नभएको अवस्थामा आगलागी भएको थियो । विद्युत् सर्ट भएर आगलागी हुँदा ढुंगा, माटो र काठले बनेको घरको माथिल्लो तला पूर्णरुपमा क्षति भएको छ । आगलागीबाट कुनै मानवीय र पशु चौपायाको क्षति नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

स्थानीयहरुले आगलागी भएको देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी, स्थानीय र हेटौंडा उपमहानगर पालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ । आगलागीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी छ ।

# ज्योतिष परिषद् मकवानपुरको अध्यक्षमा रुपाखेती

समाज संवाददाता

हेटौंडाः नेपाल ज्योतिष परिषद् मकवानपुरको अध्यक्षमा सुनिलराज रुपाखेती चयन हुनुभएको छ । सोमबार परिषद्को १४ औं साधारण सभा तथा ७ औं जिल्ला अधिवेशनबाट रुपाखेती अध्यक्ष चयन हुनुभएको हो । तान्त्रिक ज्योतिष रुपाखेतीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कार्यसमिति निर्वाचित भएको छ।

निर्वाचनमा एक सय ६१ जनाले मतदान गरेर २१ जनाको समिति निर्वाचित भएको निवर्तमान सचिव लवहरी अधिकारीले जानकारी दिनुभयो । अध्यक्ष रुपाखेतीसँगै उपाध्यक्षमा चेतबहादुर स्याङ्तान र बिनिता राना, सचिवमा लवहरि अधिकारी, सह-सचिवमा कृष्ण प्रसाद घिमिरे, कोषाध्यक्षमा रामेश्वर धिताल र सह-कोषाध्यक्षमा गोकर्ण पराजुली चयन हुनु भएको छ । यस्तै, सदस्यमा नारायण प्रसाद पौडेल, राजाराम बर्मा, नारायण प्रसाद पौडेल, पिताम्बर ढकाल, डिकनाथ पौडेल, देवकृष्ण घिमिरे, केशव प्रसाद सापकोटा, निवास सापकोटा, केशव प्रसाद पौडेल, शोभादेवी ढकाल, अनु कुमारी काफ्ले र यदुनाथ सुवेदी चयन हुनु भएको हो । कार्यक्रममा नेपाल ज्योतिष परिषद्का वरिष्ठ उपाध्यक्ष केशव प्रसाद धितालको प्रमुख आतिथ्य रहेको थियो भने नेपाल ज्योतिष परिषद् मकवानपुरका निवर्तमान अध्यक्ष हरिप्रसाद सापकोटाको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

# ६० जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः मंगलबार हेटौंडामा ६० जनाले रक्तदान गरेका छन् । हेटौंडाको दुई स्थानमा आयोजना गरिएको कार्यक्रममा ६० जनाले रक्तदान गरेका हुन् । मंगलबार बिहान हटिया र सोलिड्यारिटी स्कूलमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

हेटौंडा-१६, हटियामा भएको कार्यक्रममा २७ जनाले रक्तदान गरेका छन् । हिमचुली कृषि तथा सहकारी संस्था लिमिटेडको आयोजनामा भएको कार्यक्रममा ३ जना महिला र २४ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । संस्थाको साधारणसभाको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

मंगलबार नै हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशन स्कूलको बाल सञ्जालको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३३ जनाले रक्तदान गरेका छन् । विद्यालयमा ७ जना महिला र २६ जना पुरुषले रक्तदान गरेका हुन् । कार्यक्रममा अभिभावक र शिक्षकले रक्तदान गरेका थिए । दुबै कार्यक्रममा रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोग रहेको थियो । यस्तै आज हुप्रचौरमा नेपाल समाजवादी पार्टीले रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

# राजु र चन्द्रकलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको भिमेश्वर नगर पालिका-५ स्थित चरंगे खोलामा एक जना मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३२ वर्षीय राजु बस्नेत रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार चरंगे खोलामा पौडी खेल्न राजुसँगै ३१ वर्षीय रामकृष्ण बस्नेत र २२ वर्षीय उज्जवल लामिछाने गएका थिए । राजु खोलामा मृत अवस्थामा फेला परेपछि रामकृष्ण र उज्जवललाई सोधपुछका लागि प्रहरीले नियन्त्रणमा लिएको छ । शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल दोलखा लगिएको छ ।

सिन्धुली जिल्लाको गोलोन्जोर गाउँपालिका-६, मेवाबोटेका एक जना महिला खोलामा डुबेर मृत्यु भएको छ। मृत्यु हुनेमा ३० वर्षीया चन्द्रकला हायु रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार बिहान ११ बजेर ४५ मिनेटको समयमा हायु घरदेखि ५ सय मिटर उत्तरमा रहेको सुनकोशी नदिमा नुहाउने क्रममा ढुङ्गामा चिप्लिएर लडी नदिमा डुबेकी थिइन् । बेपत्ता हायुलाई खोजतलास गर्दै जाँदा नदिको बीच भागमा डुबी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# १५० जना व्यूटिसियन ग्र्याजुएट

समाज संवाददाता

हेटौंडाः सुष्मा व्यूटी एकेडेमीबाट एक सय ५० जना व्यूटिसियन ग्र्याजुएट भएका छन् । व्युटिसियनसम्बन्धी डिप्लोमा कोर्स पूरा गर्ने १४औं समूहको रुपमा एक सय ५० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको छ ।

शनिबार एक समारोहकाबीच प्रमाणपत्र वितरण गरिएको सुष्मा व्युटी एकेडेमीकी संस्थापक सुष्मा राना मगरले जानकारी दिनुभयो । मगरका अनुसार ग्र्याजुएट भएका महिलाहरुले एकवर्षे, दुई महिने तथा ६ महिने कोर्स गरेका थिए । कार्यक्रम मगरका अभिभावक कान्छी थापा मगर र श्रीराम थापा मगरको उपस्थिति रहेको थियो । यस्तै, अखिल नेपाल व्यूटिसियन संघकी प्रमुख कुमारी लामा, सौन्दर्य संगठन नेपालकी प्रमुख जुनु स्याङ्तान, नेपाल व्यूटिसियन संघकी प्रमुख साबित्री कार्की र नेपाल व्यूटिसियन संघको केन्द्रीय सदस्य तथा निवर्तमान अध्यक्ष रिना गौतमको आतिथ्य रहेको थियो । गत बर्ष एकेडेमीले एक सय भन्दा बढीलाई ग्र्याजुएट गराएको थियो ।

# खत्री मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिका-३, दहचोकमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा २८ वर्षीय अनुज खत्री रहेको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ ।सोमबार बिहान ६ बजेर ३० मिनेटको समयमा पालुङ डाँडावासको भित्री सडक खण्डको सडक छेउको नालामा खत्री मृत अवस्थामा फेला परेका थिए । अनुसन्धानको क्रममा खत्रीको मानसिक अवस्था ठिक नभएको पाइएको प्रहरीले जानकारी दिएको छ ।


## मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.

हेटौंडा-१, मकवानपुर
फोन नं.: ०५७-५२३६६१
ईमेलः dmpcuhtd@gmail.com

### कर्मचारी आवश्यकता

*(तेस्रो पटक विज्ञापन प्रकाशित मितिः २०८१/०२/३० गते)*

उपरोक्त सम्बन्धमा यस संघको कर्मचारी पदपूर्ति उप-समितिको मिति २०८१ जेष्ठ २९ गते बसेको बैठकको निर्णय अनुसार यस संघमा रिक्त रहेको तपसिलअनुसार को पदमा पदपूर्ति गर्नुपर्ने भएकाले यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल** :

१) विज्ञापन नं. : १/०८०/०८१
२) पदः सहायक प्रबन्धक ।
३) समुहः प्रशासन ।
४) आवश्यक संख्याः १ जना ।
५) उमेरः २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
६) शैक्षिक योग्यताः स्नातकोत्तर तह उत्तीर्ण
७) अनुभवः व्यवस्थापन क्षेत्रमा न्यूनतम २ बर्षको कार्य अनुभव भएको ।
८) अन्य योग्यताः सफ्टवेयर चलाउन जान्ने, कम्प्युटर डिप्लोमा गरेको, दुई पाङ्ग्रे सवारी चालक अनुमतिपत्र प्राप्त ।
९) आवश्यक कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बायोडाटा, शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभव तथा सहकारी सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि एक थान, २ प्रतिपासपोर्ट साईजको फोटो ।
१०) दर्ता शुल्कः रु.१,५००।- (रु. एक हजार पाँच सय मात्र) फिर्ता नहुने गरी ।
११) दरखास्तदिने अन्तिम मितिः २०८१/०३/१२ गते बेलुका ५ बजेसम्म ।
१२) रित नपुगी प्राप्त आवेदनलाई परीक्षामा सम्मिलित गराईने छैन ।
१३) परीक्षाको किसिमः लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता ।
१४) तलब तथा अन्य सुविधाः संघको नियमानुसार ।
१५) लिखित र प्रयोगात्मक परीक्षाः सम्पर्क मितिमा जानकारी गराईनेछ ।
१६) सम्पर्क मितिः २०८१/०३/१४ गते कार्यालय समयमा ।

आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संघमा निहित रहनेछ ।

**पदपूर्ति उप-समिति**



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय राप्ती
मनहरी, नेपाल

### डिभिजन वन कार्यालय राप्ती, मनहरी, मकवानपुरको सार्वजनिक सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०२/३०)*

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम व्यक्ति/कृषक, कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह कबुलियती वन समूह मार्फत सम्पादन गराउनु पर्ने भएको हुँदा उक्त कार्यक्रमहरु संचालन गर्न इच्छुक व्यक्ति/कृषक, कृषक समूह कबुलियती वन, सामुदायिक वनहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सम्पर्क राखी प्रस्ताव सहितको आवश्यक कागजातहरु यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ ।

फोन नं. : ०५७-४१४१६५
वेबसाईटः www.dforapti.bagamati.gov.np
इमेलः dforapti@gmail.com, rapdfo.mofe@bagamati.gov.np



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## श्री कालिका माध्यमिक विद्यालय

कैलाश-९ नामटार, मकवानपुर

### शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०२/३० गते)*

प्रस्तुत विषयमा यस कैलाश गाउँपालिका वडा नं. ९ को श्री कालिका माध्यमिक विद्यालयमा रिक्त रहेको निम्न विषय र तहको राहत शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | तह | विषय | आवश्यक संख्या | न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | २०८०/०८१/०२ | निमावि | अंग्रेजी | १ | मूल विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| | २०८०/०८१/०३ | प्रावि | | १ | शिक्षाशास्त्र संकाय अन्तर्गत कक्षा १२ उत्तीर्ण वा सो सरह |

परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको
परीक्षा दस्तुर : नि.मा.वि. रु, २,०००/- प्रावि. रु १,५००/-.
आवश्यक कगजपत्र : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि, फोटो १ प्रति र हस्तलिखित निवेदन
सम्पर्क मिति : आवेदनको अन्तिम दिन हुनेछ ।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
सम्पर्क : ९८४५२३७४१३ प्रअ, ९८५५०८७०२१ अध्यक्ष र ९८४१९७०३९६ सप्रअ

**प्रधानाध्यापक**



PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



Laya Shrestha



Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ